२०७८।०८।२४

श्रीमान् सचिवज्यू,
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

**विषयः** **<u>प्रतिवेदन पेश सम्बन्धमा</u>**

महोदय,

उपरोक्त विषयमा यस मन्त्रालयको आ.व.२०७८।०७९ को स्वीकृत कार्यक्रम अनुसारः **खेलकुदमा लैङ्गिक हिंसा विरुद्धको सचेतना कार्यक्रममा माननीय युवा तथा खेलकुद मन्त्रीज्यूको प्रमुख आतिथ्यतामा र मन्त्रालयका सचिव डा. दामोदर रेग्मीज्यूको अध्यक्षतामा** खेलकुदमा सहभागी तीन विभागीय टिमका महिला खेलाडी, व्यवस्थापक, खेलशिक्षक र अफिसियल राष्ट्रिय खेलकुद परिषद्का महिला वोर्ड सदस्यहरु, महिला बालबालिका तथा जेष्ठनागरिक मन्त्रालयका प्रतिनिधि, राष्ट्रिय महिला आयोगको प्रतिनिधि सहितको सहभागीतामा युवा तथा खेलकुद मन्त्रालयको सभाहलमा कार्यक्रम सम्पन्न गरी गरी प्रतिवेदन पेश गरेको व्यहोरा अनुरोध छः-

प्रतिवेदकहरु
श्री शान्ति बहादुर वस्नेत — उपसचिव
श्री प्रमिला खरेल—शा.अ.
श्री श्रीकृष्ण खकुरेल—क.अ.

## खेलकुदमा लैङ्गिक हिंसा विरुद्धको सचेतना कार्यक्रमको प्रतिवेदन

**१.प्रतिवेदनको पृष्ठभूमी :** युवा तथा खेलकुद मन्त्रालयको आ.व. ०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कार्यक्रम अनुसार यस किसिमको पहिलो पटक संचालन गर्नका लागि खेलकुद प्रवर्द्धन शाखालाई तोकिएबमोजिम **खेलकुदमा लैङ्गिक हिंसा विरुद्धको सचेतना कार्यक्रममा माननीय युवा तथा खेलकुद मन्त्रीज्यूको प्रमुख आतिथ्यतामा र मन्त्रालयका सचिव डा. दामोदर रेग्मीज्यूको अध्यक्षतामा** खेलकुदमा सहभागी तीन विभागीय टिमका महिला खेलाडी, व्यवस्थापक, खेलशिक्षक र अफिसियल राष्ट्रिय खेलकुद परिषद्का महिला वोर्ड सदस्यहरु, महिला बालबालिका तथा जेष्ठनागरिक मन्त्रालयका प्रतिनिधि, राष्ट्रिय महिला आयोगको प्रतिनिधि सहितको सहभागीतामा खेलकुदमा **लैङ्गिक हिसा बिरुद्ध खेलाडीहरुलाइ सचेतना** कार्यक्रम मिति २०७८ मंसिर १७ गते **खेलकुदमा लैङ्गिक हिसा बिरुद्ध खेलाडीहरुलाइ सचेतना** अभिवृद्धि गर्नका लागि कार्यक्रम आयोजना गरिएको थियो ।

खेलाडीहरुलाई परिवार, समाज, राष्ट्रका विभिन्न तह र तप्का लगायतका संयन्त्रहरुले प्रोत्साहन एवं उर्जामूलक वातावरण दिन सकेमा मात्र खेलक्षेत्र अगाडि बढन सक्दछ भन्ने मान्यतामा खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने नीति सरकारले लिएको छ । नेपालको खेलक्षेत्रमा पुरुषको तुलनामा महिलाहरुको सहभागीता कम रहेको देखिन्छ । घर परिवारमा छोरी, विद्यालयमा छात्रा एवं समुदायमा महिला खेलाडीप्रति आजसम्म पनि सहयोगात्मक एवं प्रोत्साहनमूलक वातावरण बन्न सकेको छैन । सामाजिक दृष्टिकोण खेलका विद्यमान संयन्त्रहरु समेत लैङ्गिक समबिकास प्रति सचेत नबनेका कारणले कतिपय महिला खेलाडीहरु लैङ्गिक हिंसामा परेका उदाहरणहरु सार्वजनिक हुदै आएका छन । समग्र खेल क्षेत्रलाई लैङ्गिक मैत्री बनाउदै खेल क्षेत्रका व्यवस्थापक, खेलाडी एवं प्रशिक्षकलाई लैङ्गिक हिंसा बिरुद्ध सचेत बनाउनु पर्ने आवश्यकता देखिएको ।

**२.सचेतना कार्यक्रमको उद्देश्यः**

लैङ्गिक हिंसा बिरुद्धको सचेतना कार्यक्रम सञ्चालनका उद्देश्यहरु देहाय बमोजिम रहेका छन ।

- लैङ्गिक हिंसा बिरुद्ध भएका संबैधानिक, कानूनी एवं नीतिगत व्यवस्थाको जानकारी गराउने।
- महिला खेलाडीले भोग्दै आएका लैङ्गिक हिंसा हुने जोखिमका क्षेत्र पहिचान गर्ने र निराकरणका उपायहरु बताउने ।
- खेल व्यवस्थापक प्रशिक्षक एवं अन्य सम्बद्ध पदिधकारीलाइ खेलक्षेत्रलाइ समाबेशी एवं लैङ्गिकमैत्री बनाई सोका उपाय सम्बन्धमा छलफल एवं सहजीकरण गर्ने ।
- लैङ्गिक हिंसा विरुद्ध सचेतनाका लागि मानव जनशक्ति विकास गर्ने ।

**३.कार्यक्रम सञ्चालन प्रक्रिया एवं विधिः**

खेलकुदका क्षेत्रमा विद्यालय स्तरदेखि नै छात्राहरुको सहभागिता अभिवृद्धि गर्न खेलकुद क्षेत्रमा हुने गरेका लैङ्गिक हिसाले खेल क्षेत्रमा पारेको प्रभाव र त्यसको निराकरण गर्ने उपायहरुका बारेमा अध्ययन अनुसन्धान गर्ने विषयमा विज्ञहरुको समेत सहभागिता हुनेगरी लैङ्गिक हिंसा बिरुद्ध खेलाडीहरुलाई सचेतना कार्यक्रममा सचेतना कार्यक्रमलई समुहमा विभाजन गरी सञ्चालन गरिनेछ ।

- पहिलो सेसनमा महिला खेलाडी, खेल व्यवस्थापक प्रशिक्षक एवं अन्य पदाधिकारीहरुका लागि सञ्चालन गर्ने दुवै समुहका सहभागीहरुलाई सहभागीहरुलाई लैङ्गिक हिंसा के हो ? कसैले आफु प्रति लैङ्गिक हिंसा गरेमा के गर्ने ? सूचना कहाँ कसरी गर्ने ? यसबाट बच्ने उपायहरुका विषयमा सहजीकरण गर्ने
- दोस्रो सेसनमा प्रत्येक सहभागीहरुलाइ एक प्रति प्रश्नावली उपलब्ध गराइ आफ्नो खेल जीवनमा कुनै किसिमको लैङ्गिक हिंसा भए नभएको विषयमा गोप्य जानकारी लिने
- तेस्रो सेसन महिला खेलाडीहरु खेल व्यवस्थापक प्रशिक्षक एवं अन्य पदाधिकारीहरु विद्यमान संबैधानिक कानूनी एवं नीतिगत व्यवस्था लैङ्गिक हिसाका दृष्टिले जोखिमयुक्त विषय पहिचान गर्ने,
- लैङ्गिक मैत्री वातावरण विकासका आधारका विषयमा जानकारी गराउने ।

**४. युवा तथा खेलकुद मन्त्रालयको सभाहल**

कार्यक्रमको सञ्चालन विधि

Power Point Presentation का लागि Multimedia व्यवस्थापन

सहभागी बसाई व्यवस्थापन

कार्यक्रम सञ्चालन - शाखा अधिकृत प्रमिला खरेल

अतिथि तथा व्यवस्थापक आसन ग्रहण

अध्यक्ष— मन्त्रालयका सचिव डा. दामोदर रेग्मी

प्रमुख अतिथि – माननीय युवा तथा खेलकुद मन्त्री श्री महेश्वर जंग गहतराज (अथक)

अतिथि- मन्त्रालयका सहसचिव डा. कमल प्रसाद पोखेल, डा. दिव्या दवाडी, उपसचिव शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, राष्ट्रिय महिला आयोगका प्रतिनिधि, ओलम्पिक कमिटिका उपाध्यक्ष, राष्ट्रिय खेलकुद परिषद्का महिला वोर्ड सदस्य लगायत मन्त्रालयका अन्य कर्मचारीहरु

उद्घाटनः- माननीय युवा तथा खेलकुद मन्त्रीज्यूबाट Banner बाचन गरेर ।

**५. सहभागीहरु**

| क्र.स | नाम थर |
|---|---|
| १ | विष्णु कुमारी न्यौपाने |
| २ | विना श्रेष्ठ |
| ३ | सुशिल मगर |
| ४ | ज्योति राणा |
| ५ | रेणुदेवी कोन्डा |
| ६ | अनन्तदेवी खनाल |
| ७ | दिपा बास्तोला |

| | |
|---|---|
| ८ | प्रभा कर्मचार्य |
| ९ | रश्मी शाक्य |
| १० | रिता पाण्डे |
| ११ | सुभाष आचार्य |
| १२ | ममता विष्ट |
| १३ | जुनी राई |
| १४ | सानी तामाङ |
| १५ | दुर्गा सिन्जाली |
| १६ | कोपिला उप्रेती |
| १७ | मेलिना गुरुङ |
| १८ | मिना श्रेष्ठ |
| १९ | रश्मी दुलाल |
| २० | देवीकुमारी वली |
| २१ | सुनिता अधिकारी |
| २२ | अन्जली श्रेष्ठ |
| २३ | अनिता कार्की |
| २४ | पार्वती गुरुङ |
| २५ | निशा चौधरी |
| २६ | रुकमणी चन्द |
| २७ | निरु थापा |
| २८ | पुष्पा भण्डारी |
| २९ | गंगा देवी अधिकारी |
| ३० | लक्ष्मी भट्ट |
| ३१ | पेमा डोल्मा लामा |
| ३२ | रचना श्रेष्ठ |
| ३३ | सुशिला चन्द |
| ३४ | पायल तामाङ |
| ३५ | सरस्वती चौधरी |
| ३६ | चन्दा चौधरी |
| ३७ | कल्पना परियार |
| ३८ | लिला अधिकारी |
| ३९ | भावन सुनार |
| ४० | दिपेन्द्र विष्ट |

**६.कार्यक्रमका प्रमुख उपलब्धीहरुः**

१. सहभागी खेलाडीहरु, प्रशिक्षक, व्यवस्थापकहरुमा लैङ्गिक विभेद, हिंसा, समता र समानता जस्ता अवधारणामा स्पष्टता आएको र कार्य सम्पादनको सिलसिलामा आफ्नो-आफ्नो क्षेत्रमा लैङ्गिक समविकासका लागि प्रयत्नशिल रहने प्रतिबद्धता व्यक्त भएको ।

२. खेलकुदको क्षेत्रमा लैङ्गिक हिंसा सम्बन्धी समस्याको निराकरण गर्न र सुधारात्मक उपाय अवलम्वन गर्ने कार्यमा सरोकारवालहरुसंग बहस र अन्तरकृया गरिएको ।

३.लैङ्गिक मैत्रीखेल प्रतिस्पर्धालाई आत्मसात गर्ने सबै सरोकारवालहरुको सहयोग पुर्याउन सकारात्मक सोच विकास गरिएको ।

४.Say No to Gender Voilence in Sports भन्ने कुरालाई साकार पार्नका लागि प्रचारप्रसारको रुपमा सचेतना कार्यक्रम गरिएको।

५.खेलकुदमा लैङ्गिक हिंसाका प्रतिकुल असरका वारेमा सरोकारवालाहरुलाई जानकारी गराउनका लागि सचेतना जगाउने खालका क्रियाकलापहरु सञ्चालन गरिएको।

६. सहभागिहरु सवैले आफ्नो-आफ्नो अनुभव साटासाट गर्न पाउदा उत्साहित देखिएका थिए ।

७. खेलकुदका क्षेत्रमा आवद्ध सहभागिहरुले लैङ्गिक हिंसा सम्बन्धी कौतुहलता र जिज्ञासा सामुहीक छलफल र अन्तरकृयाबाट समाधन गर्न सहजकर्ताले आफ्नो ज्ञान सिप अनुभव प्रदान गरिएको।

**६.कार्यक्रमबाट प्राप्त सिकाइहरुः**

१.कार्यक्रमलाई बृहत रुपमा खेलकुदका विषय क्षेत्रहरुमामा सम्बन्धित सबै खेलकर्मीहरुलाई लैङ्गिक हिंसा सम्बन्धी सचेतना कार्यक्रमहरु दिनुपर्ने ।

७.कार्यक्रमका केहि तस्विरहरुः








